कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(राजश्व उपशाखा)

च.नं.:

## कोहलपुर चौराहा स्थित सार्वजनिक शौचालय सम्पूर्ण व्यवस्थापनका लागि दरखास्तपत्र आह्वान गरिएको ७ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०१)

यस कोहलपुर नगरपालिका वडा नं. ११ चौराहा स्थित सार्वजनिक शौचालय सेवाग्राहीले पुर्ण रुपमा निःशुल्क प्रयोग गर्ने गरी व्यवस्थापन गर्ने र शौचालयले चर्चेको जग्गा तथा शौचालयसंग जोडिएको क्षेत्रमा निर्मित संरचनामा ५(पाँच) वर्षका लागि पसल तथा व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति,फर्म वा संस्थाबाट शिलवन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि.न | विवरण | न्यूनतम मासिक भाडा रकम | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | कोहलपुर चौराहामा रहेको सार्वजनिक शौचालयको व्यवस्थापन | रु७,०१०। (सात हजार दश रुपैया मात्र) | कबोल अंकको १० प्रतिशत वापत हुन आउने रकम | रु.१०००/- पछि फिर्ता नहुने गरी |

शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०८३/०६/०७) गते सम्म कार्यालय समयभित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा व्यवसायको हकमा तोकिएको निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरण गरेको प्रमाण, स्थायी लेखा नम्बर (PAN) दर्ता र आ.व.०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

२. दरखास्तपत्रदाताले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरखास्तपत्र दर्ता गरिसक्नुपर्नेछ ।यसरी दर्ता हुन आएका सिलबन्दी दरखास्तपत्रहरू दर्ता गर्ने अन्तिम दिनको २ बजे दरखास्तदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरखास्तदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरखास्त खोल्न कुनै बाधा पर्ने छैन ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

CS Scanned with CamScanner

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(राजश्व उपशाखा)
च.नं.:

---

३. दरखास्तपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. बोलपत्र वापत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं. ०७०२०४०१०००२३२५२१७ मा नगदै वा वा कम्तिमा ९० दिनको समयावधि भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत सक्कल पेश गर्नुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि पैंतालीस दिनको हुनेछ।

६. दरखास्तपत्रमा न्यूनतम अङ्क भन्दा माथि कवोल गर्नुपर्नेछ । सबैभन्दा बढी कवोल गर्ने दरखास्तपत्रलाई स्वीकृत गरिनेछ।

७. दरखास्तपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. कोहलपुर नगरपालिका वडा नं ११ चौराहा स्थित शौचालयको प्रयोग गर्ने सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन।

९. शौचालयले चर्चेको जग्गा तथा शौचालयसंग जोडिएको उपयोग गर्न मिल्ने क्षेत्रमा स्थायी संरचना निर्माण गर्न पाइने छैन।र सो स्थानमा अस्थायी रुपमा निर्मित संरचनामा पसल तथा व्यवसाय संचालन गर्न पाइनेछ।

१०. यस सूचना बमोजिमको दरभाउपत्र स्वीकृत भएमा प्रस्तावदाताले कोहलपुर नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको खाता नं ०७२०५०१०००२३५२१७ मा आफुले कबोल गरेको अंकको कम्तिमा ३ महिना बराबरको नगद बैंक जम्मा गरेको भौचर पेश गरेपछी मात्र सम्झौता गरिनेछ।

११. दोस्रो पक्षले सटरमा प्रयोग हुने बिजुली, पानी, फोहरमैला व्यवस्थापन खर्च आफै बहन गर्नुपर्नेछ। सो का लागी नगरपालिकामा कुनै किसिमको दाबी गर्न पाइने छैन।

१२. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरखास्तपत्र उपर कुनै कारबाही गरिनेछैन ।

१३. सिलवन्दी दरखास्तपत्र सम्वन्धी अन्य कुराहरू बुझ्नु परेमा कार्यालयसमयभित्र यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१४. यस सूचनामा उल्लेखित कुराहरू बाहेक अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र कोहलपुर नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner